दंगीशरण गाउँपालिका

# ३ नं. वडा कार्यालय

हेकुली, दाङ

पत्र सं.:२०८२।०८३
चलानी नम्बर: १००६

मिति : २०८३/१/३०

## एड्भान्स ब्युटिपार्लर तालिम सञ्चालन प्रशताव आव्हान सम्वन्धि सूचना।

प्रथम पटक प्रकाशित मिति२०८३/१/३० गते

यस वडा कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार ब्युटिपार्लर तालिम सञ्चालनको लागी रु २०००००वजेट विनियोजन भएकोले महिलाहरुको सीप विकास तथा स्वरोजगार प्रवर्द्धन गर्ने उद्देश्यले यस वडा भित्रका २०जाना महिलालाई १५ दिन सम्म "एड्भान्स ब्युटी पार्लर तालिम" सञ्चालन गर्नुपर्ने भएकोले तोकिएको नर्म्स र स्विकृत लागत अनुमानको सिमा भित्र रहि प्रचलित कानून बमोजिम योग्यता पुगेका इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी तथा संस्थाहरुबाट यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र देहाय बमोजिमको प्रस्ताव (Proposal) पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

**१. तालिम सम्बन्धी विवरण**

- तालिमको नाम: एड्भान्स ब्युटी पार्लर तालिम
- तालिम अवधि: १५ दिन
- सहभागी संख्या: २० जना
- तालिम सञ्चालन स्थान : वडा कार्यालय आसपास।
- तालिम सञ्चालन समय : सम्झौता पश्चात तय गरिने

**२. प्रस्ताव पेश गर्न आवश्यक कागजातहरु**

प्रस्ताव पेश गर्ने व्यक्ति/फर्म/संस्थाले निम्न कागजातहरु अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ:

1. दर्ता प्रमाणपत्रको प्रतिलिपि
2. स्थायी लेखा नम्बर (PAN/VAT) प्रमाणपत्रको प्रतिलिपि
3. आर्थिक वर्ष २०८१/८२ सम्मको कर चुक्ता प्रमाण पत्र
4. तालिम सञ्चालन सम्बन्धी अनुभव खुल्ने विवरण
5. प्रशिक्षकको योग्यता तथा अनुभव विवरण
6. तालिम सञ्चालन कार्ययोजना (Training Plan)
7. लागत अनुमान/आर्थिक प्रस्ताव
8. संस्था वा फर्मको प्रोफाइल

**३. प्रस्ताव पेश गर्ने स्थान**

प्रस्ताव सिलबन्दी गरी यस वडा कार्यालयमा सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयभित्र पेश गर्नुपर्नेछ।

**४. छनौट सम्बन्धी व्यवस्था**

प्राप्त प्रस्तावहरु मूल्याङ्कन समितिबाट प्रचलित कानून तथा मापदण्ड अनुसार मूल्याङ्कन गरी उपयुक्त प्रस्ताव छनौट गरिनेछ।

**५. अन्य**

- म्याद नाघी प्राप्त प्रस्ताव उपर कुनै कारबाही गरिने छैन।
- प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
- थप जानकारीका लागि वडा कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

सुकलाल चौधरी
वडा अध्यक्ष